परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक




❑ वर्ष ११ ❑ अंक १६ २०७९ मंसिर ११ गते आईतवार Sunday 27, NOV 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## मोरंगमा प्रतिनिधीसभा तर्फ काँग्रेस ३, एमाले, माओवादी र स्वतन्त्र एक-एक सिटमा विजय

विराटनगर। मंसिर ४ गते प्रतिनिधीसभा र प्रदेशसभा सदस्यको लागि भएको निर्वाचनमा प्रतिनिधीसभा तर्फ मोरंगको ६ वटै क्षेत्रको मतपरिणाम सार्वजनिक भएका छन्।

सार्वजनिक मत परिणाम अनुसार क्षेत्र नं. २ नेकपा एमाले, क्षेत्र नं. १, ३ र ६ मा नेपाली काँग्रेस, क्षेत्र नं. ४ मा नेकपा ( माओवादी केन्द्र) र क्षेत्र नं. ५ मा स्वतन्त्र उम्मेदवारले विजय प्राप्त गरेका छन्।

मोरङको क्षेत्र नम्बर १ बाट प्रतिनिधीसभा सदस्य तर्फ नेपाली काँग्रेसका डिकबहादुर लिम्बू विजयी भएका छन्। उनले प्रतिस्पर्धी एमालेका घनश्याम खतिवडालाई ४ सय ३० मतान्तरले गरेका हुन्।

लिम्बूले २७ हजार २ सय ९७ मत ल्याउँदा एमालेका खतिवडाले २६ हजार ८ सय ६७ मत ल्याएका हुन ।



क्षेत्र नं. १ डिग बहादुर लिम्बु, क्षेत्र नं. २ ऋषिकेश पोखरेल, क्षेत्र नं. ३ डा. सुनिल शर्मा



क्षेत्र नं. ४ अमनलाल मोदी, क्षेत्र नं. ५ योगेन्द्र मण्डल, क्षेत्र नं. ६ डा. सुनिल शर्मा

त्यसैगरी प्रदेशसभा सदस्य तर्फ १(१) मा नेपाल कम्युनिष्ट पार्टी ( एमाले) का उम्मेदवार उमाकान्त गौतमले ३ हजार ५ सय २७ मतले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का कुल प्रसाद साम्बालाई पराजीत गर्दै विजय भएका छन्। गौतमले १३ हजार ५३१ प्राप्त गरी विजय भएका हुन। उनका प्रतिद्वन्दी साम्वाले १० हजार ४ मत प्राप्त गरेका छन्।

प्रदेशसभा सदस्य तर्फ १(२) मा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उम्मेदवार खड्ग बहादुर बस्नेत ६ सय ३५ मतले नेपाल कम्युनिष्ट पार्टी (समाजवादी) का उम्मेदवार उपेन्द्र प्रसाद घिमिरेलाई पराजीत गरी विजय भएका छन्।

बस्नेतले १४ हजार ५३९ मत ल्याएर विजय भएका छन् भने घिमिरेले १३ हजार ८६३ प्राप्त गरेका छन्।

मोरंग क्षेत्र नं. २ मा प्रतिनिधीसभा सदस्यका लागि सत्तारुढ गठवन्धनको तर्फवाट उम्मेदवार बनेकी पूर्वप्रधानमन्त्री एवं कांग्रेसका पूर्वसभापति स्वर्गीय गिरिजाप्रसाद कोइराला पुत्री सुजाता कोइरालालाई पराजीत गर्दै नेकपा (एमाले) का तर्फवाट उम्मेदवार रहको मोरंग जिल्ला अध्यक्ष ऋषिकेश पोखरेल विजय भएको छ।

पोखरेलले १ हजार २ सय ८ मतले कोइरालालाई पराजीत गरेका हुन्। कोइरालाले ३१ हजार ९४० मत प्राप्त गर्दा उनलाई उछिन्न सफल भएका पोखरेलले ३३ हजार १४८ ल्याएका हुन्। एक लाख २४ हजार ७२९ मतदाता रहेको मोरङ २ मा ८० हजार १२७ मत खसेको थियो।

मोरङको क्षेत्र नं: २ (१) बाट नेकपा (माओवादी केन्द्र) प्रदेश १ का सचिव गणेश उप्रेती प्रदेश सभा सदस्यमा निर्वाचित भएका छन्।

उप्रेतीले १५ हजार ३३ मतले विजय भएका हुन्। उनका प्रतिस्पर्धि एमालेका दानबहादुर कार्कीलाई ३५५ मतअन्तरले पछि पार्दै उप्रेतिले प्रदेशसभामा निर्वाचित भएका हुन्। एमालेका कार्कीले १४ हजार ६७८ मत पाएको थियो।

क्षेत्र नं: २ (१) बाट नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उम्मेदवार लिला बल्लभ अधिकारी १७ हजार ७५२ मत प्राप्त गरी विजय भएका छन्। उनले २ हजार ८ सय बढी मत प्राप्त गरी विजय भएका हुन्। उनका निकटतम प्रतिद्वन्दी नेपाली काँग्रेसका उम्मेदवार विनोद कार्कीले १४ हजार ९५२ मत प्रात गरेका छन्।

मोरङ क्षेत्र नम्बर ३ मा नेपाली काँग्रेसका सुनिल कुमार शर्मा विजयी भएका छन्। उनले एमालेका भानुभक्त ढकाललाई पराजित गर्दै निर्वाचित भएका हुन। सुनिल शर्माले ४८ हजार ६३१ मत ल्याएका छन् भने ढकालले २५ हजार ८९५ मत ल्याएका छन्।

त्यसैगरी प्रदेश तर्फ ३(१)मा काँग्रेसका मान बहादुर लिम्बुले निर्वाचित भएका छन्। उनले १९ हजार ७४९ मत ल्याएका हुन। एमालेका दिलीप राई १४ हजार ८ सय १७ मत मात्रै ल्याएका छन्।

मोरङ ३(२)मा एमालेका ज्ञानेन्द्र सुवेदी निर्वाचित भएका छन्। उनले एकीकृत समाजवादी लक्ष्मी कुमार श्रेष्ठलाई पराजित गर्दै निर्वाचित भएका हुन। सुवेदीले १७ हजार ७सय २८ मत ल्याएर विजयी बन्दा श्रेष्ठले भने १५ हजार ३सय ५८ मत प्राप्त गरेका छन्।

मोरङको क्षेत्र नं. ४ मा प्रतिनिधि सभातर्फ माओवादी केन्द्रका नेता अमनलाल मोदी

वांकी अन्तिम पेजमा...

## प्रतिनिधीसभा सदस्य विद्यालयमा पुगर चर्पी सरसफाई

विराटनगर। प्रतिनिधिसभा सदस्य येगेन्द्र मण्डलले विजयी र्‍याली सहित मोरङ क्षेत्र नम्बर ५ का विभिन्न ४ वटा विद्यालयमा पुगेर चर्पी सरसफाई गर्नुभएको छ।

समाज परिवर्तन गर्नका लागि पहिला स्वस्थ्य आवश्यक रहेको भन्नु हुँदै विजयी र्‍याली सहित मोरङ क्षेत्र नम्बर ५ मा रहेका दुर्गा मावि जहदा, जनविकास माध्यामिक विद्यालय रानी लगायतका विद्यालयहरुमा पुगेर चर्पी सरसफाई गर्नुभएको थियो। शिक्षा र स्वास्थ्यका लागि विजय र्‍यालीसंगै चर्पी सरसफाई गरेको प्रतिनिधिसभाका सदस्य योगेन्द्र मण्डलले जानकारी गराउनु भएको थियो।

त्यसैगरी समाजमा रहेका विकृति विसंगतिलाई सफागर्ने उद्देश्यले यो अभियानलाई निरन्तर रुपमा अगाडी वढाउने वहाँको भनाई थियो। राज्यले शिक्षा र स्वास्थ्यको क्षेत्रमा लाखौं लगानी गरेका छन्। तर व्यवहारमा उतारेका छैनन्। यो कामलाई पहिलो एजेण्डा राखेर सदनमा जनताहरुको अवाज उठ्उने कोण सभालाई सम्बोधन गर्नुहुँदै प्रतिवद्धता जाहेर गरेका थिए।

मण्डलले २१ हजार ८२० मत ल्याएर विजयी हुनुभएको थियो। उहाँको निकटतम प्रतिद्धवन्द्धी माओवादी केन्द्रका शिब कुमार मण्डले १७ हजार ४ सय ८६ मत ल्याएका थिए त्यसैगरी जनता समाजवादी ( जसपा) राजकुमार यादवले १७ हजार ३९० मत ल्याएका थिए




SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

## मोरंगमा...

विजयी भएका छन् । सार्वजनिक अन्तिम मतपरिणाम अनुसार मोदीले ३० हजार ६१२ मतका साथ बाजी मारेका छन् ।

उनका प्रतिस्पर्धी नेकपा एमालेका नेता विनोद ढकालले २४ हजार ४६३ मत मात्रै ल्याएका छन् ।

क्षेत्र नं. ४ मा १ लाख १० हजार ९३ मतदाता मध्ये ७४ हजार ७४४ मत खसेको थियो । ६ हजार १४९ हजार मतअन्तरले मोदीले जित निकालेका हुन । यो संगै मोदी तेस्रो पटक संसदको ढोका खोल्न सफल भएका छन् ।

मोरङको क्षेत्र नं. ४ (१) प्रदेशसभामा नेकपा एमालेको जयप्रकाश चौधरी निर्वाचित भएका छन् ।

नेपाली काँग्रेसका युवा नेता गुरुराज घिमिरेलाई पराजित गर्दै चौधरी विजयी भएका हुन् । घिमिरेलाई ४०७ मतअन्तरले पराजित गरी चौधरी निर्वाचित भएका हुन् । चौधरीले १५ हजार ४६५ मत ल्याएर निर्वाचित हुँदा उनका प्रतिस्पर्धी घिमिरेले १५ हजार ५८ मत ल्याएका छन् ।

मोरङको क्षेत्र ४(२) बाट नेपाली काँग्रेसका केन्द्रीय सदस्य भीम पराजुली प्रदेशसभा सदस्यमा विजयी भएका छन् । पराजुलीले ११ हजार ४७९ मतका साथ बाजी मारेका छन् ।

उनका प्रतिस्पर्धी प्रदेश १ का पुर्व सामाजिक विकास मन्त्री तथा नेकपा एमालेका नेता जीवन घिमिरेले ९ हजार ६ सय ९१ मत मात्रै ल्याएका छन् ।

१ हजार ७८८ मतअन्तरले पराजुलीले जित निकालेका हुन । यो जितसँगै संगै पराजुलीले प्रदेशसभामा संसदको ढोका खोल्न सफल भएका छन् । पराजुली विराटनगर महानगर पालिका पुर्व मेयर पनि हुन् । २०७४ को स्थानीय तहको निर्वाचनमा एमाले नेता विनोद ढकालालाई हराउँदै विराटनगर महानगरपालिको मेयरमा निर्वाचत भएका थिए । त्यस बेला उनले एमाले नेता ढकाललाई ५ हजार ५१० बढी मत प्राप्त गरे मेयर भएका थिए । त्यबेला पराजुलीले २३,०३१ मत प्राप्त गरे भनें ढकालले १७,३२१ मत पाएका थिए ।

मोरङ क्षेत्र नम्बर ५ मा स्वतन्त्र उम्मेदवार योगेन्द्र मण्डलले कांग्रेस-माओवादी गठबन्धन र एमाले-जसपा तालमेलका उम्मेदवारलाई पराजित गरेका छन् ।

योगेन्द्रले २१ हजार ८ सय २० मत पाउदा सत्तारुढ गठबन्धनका उम्मेदवार शिवकुमार मण्डलले १७ हजार ४ सय ८६ मत पाएका छन् । एमालेको समर्थन रहेका जसपा उम्मेदवार राजकुमार यादवले १७ हजार ३ सय ९० मत पाएका छन् ।

ठूला पार्टीका उम्मेदवारलाई फराकिलो मतान्तरमा जित्ने उनी राजनीतिकर्मी नभएर सामाजिक अभियन्ता हुन् । शिक्षाबाट बञ्चित भएकालाई पढाउने, घर नभएकालाई आवास दिने, बेरोजगारलाई रोजगारी दिने, उपचार नपाएकालाई उपचार दिने काम गर्दै आएका उनले अरू नेताले सरह मतदातालाई झुठो आश्वासन नदिई जितेका हुन् ।

मोरङको क्षेत्र नं. ५(१) मा नेपाली कांग्रेसका गयानन्द मण्डल गनगाई निर्वाचित भएका छन् । १४ हजार ८ सय ४३ मत ल्याएर मण्डलले प्रदेशसभा सदस्यमा निर्वाचित भएका हुन् । नेकपा एमालेका उम्मेदवार सन्तोष कुमार साहलाई ५ हजार चार सय ४१ मतले मण्डलले पराजित गरेका हुन् । एमाले उम्मेदवार साहले ९ हजार ४ सय २ मत ल्याएका छन् ।

मोरङ क्षेत्र नं. ५(२) प्रदेशसभामा प्रदेश सरकारका बहालवाला स्वास्थ्यमन्त्री जयराम यादवलाई भारी मतान्तरले पराजित गर्दै नेपाली काँग्रेसका अमृतकुमार अर्याल निर्वाचित भएका छन् ।

अर्यालले १६ हजार १०२ मत प्राप्त गरि जनता समाजवादी पार्टीका यादवलाई पराजित गरेका हुन् । यादवले १० हजार ८२५ मत प्राप्त गरेका थिए । अर्याल सत्ता गठबन्धनको समर्थनमा र यादव एमालेको समर्थनमा उम्मेदवार बनेका थिए ।

मोरङ क्षेत्र नं. ६ बाट प्रतिनिधि सभा सदस्यमा नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला निर्वाचित भएका छन् । सत्ता गठबन्धनका साझा उम्मेदवार कोइरालाले एमालेका नेता लालबाबु पण्डितलाई फराकिलो मतअन्तरले पराजित गर्दै निर्वाचित भएका हुन् ।

मतगणना अनुसार कोइरालाले ३५ हजार २१८ मत ल्याएर विजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका पण्डितले २२ हजार ९३२ मत पाएका छन् ।

२०७४ सालमा कोइराला र पण्डित मोरङ क्षेत्र नं. ६ मा प्रतिस्पर्धा गरेका थिए । त्यतिबेला पण्डितले कोइरालालाई ६७५ मतअन्तरले पराजित गरेका थिए ।

मोरङको क्षेत्र नं. ६(१) मा माओवादी केन्द्रका जिवन आचार्य प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन् ।

उनले नेकपा एमालेका उम्मेदवार रीता न्यौपानेलाई १ हजार ८७८ मतले पराजित गर्दै प्रदेशसभा सदस्यमा निर्वाचित भएका हुन् । आचार्यले १९ हजार ४५५ मत ल्याएर विजय भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी एमालेकी न्यौपानेले १७ हजार ५ सय ७७ मत पाएकी छिन् ।

मोरङको क्षेत्र नं. ६(२) मा प्रदेश १ का आन्तरिक मामिला तथा कानुन मन्त्री तथा नेपाली काँग्रेसका नेता केदार कार्की विजयी भएका छन् । कार्कीले १० हजार ४४८ मत ल्याएर कार्की प्रदेशसभा सदस्यमा विजयी भएका छन् । एमालेका नेता पर्शुराम बस्नेतलाई १ हजार १८० मतअन्तरले पछि पार्दै प्रदेशसभामा निर्वाचित भएका छन् । उनका प्रतिस्पर्धी बस्नेतले ९ हजार २६८ मत पाएका छन् ।

## २०७४ को...

त्यसपछि स्वास्थ्यमा राज्यमन्त्रीका रुपमा उमेश श्रेष्ठले जिम्मेवारी सम्हाले। तत्कालिन प्रधानमन्त्री केपी ओलीले गरेको संसद विघटन सर्वोच्च अदालतले पुनर्स्थापना गरेपछि शेरबहादुर देउवा नेतृत्वामा सरकार बनेपछि श्रेष्ठ राज्यमन्त्री भएका हुन्। देउवाले २०७८ साउन १० गते उमेश श्रेष्ठलाई स्वास्थ्य राज्यमन्त्री नियुक्त गरेका हुन्। स्वास्थ्य तथा शिक्षा व्यावसायीलाई स्वास्थ्यको नेतृत्व दिएको भन्दै प्रधानमन्त्री देउवा र श्रेष्ठको तीव्र आलोचना भयो ।

श्रेष्ठ यसपटकको निर्वाचनमा चितनव क्षेत्र नम्बर २ बाट चुनावी मैदानमा होमिएका थिए। उनलाई राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार रवि लामिछाने भारी मतान्तरले पराजित गरेका हुन्। लामीछाने श्रेष्ठ भन्दा ३४ हजार १७० मत बढी ल्याउँदै विजयी भएका हुन्। लामिछानेले ४९ हजार २६१ मत ल्याएका छन् भने श्रेष्ठले १५ हजार ९९ मत ल्याएका छन् ।

श्रेष्ठ मन्त्रालयमा असोज २२ गतेसम्म मात्र राज्यमन्त्रीका रुपमा रहे। त्यसपछि प्रधानमन्त्री देउवाले २०७८ असोज २२ गते एकीकृत समाजवादीका नेता विरोध खतिवडालाई स्वास्थ्यमन्त्री र सोही पार्टीका भवानीप्रसाद खापुङलाई राज्यमन्त्रीको जिम्मेवारी दिए ।

खतिवडा पनि यो निर्वाचनमा पराजित भएका छन्। मकवानपुर- २ बाट उम्मेदवार बनेका नेकपा एकीकृत समाजवादीका खतिवडालाई एमालेका महेशकुमार बर्तौलाले पराजित गरेका हुन्। बर्तौलाले ३४ हजार ९१६ मत ल्याएर जित हासिल गरे भने खतिवडाले ३० हजार ३९६ मत ल्याए ।

खतिवडाले पनि मन्त्रालयमा राम्रो पर्फमेंन्स देखाउन सकेनन्। कुनै योजना र तयारी बिना नै स्वास्थ्यको नेतृत्वमा आएको भन्दै उनले स्वास्थ्य मन्त्रालयको काममा चासो दिएनन्। स्वास्थ्यखबरसँगको कुराकानीमा उनले अपर्झट जिम्मेवारी आएकाले स्वास्थ्य मन्त्रालयमा आउनुभन्दा अघि यो-यो काम गर्छु वा यस्ता योजना बनाएर अगाडि बढ्छु भन्ने तयारी नै नगरेको बताएका थिए ।

खतिवडालाई फिर्ता बोलाउँदै नेकपा एकीकृत समाजवादीले राज्यमन्त्री खापुङलाई मन्त्रीमा र राज्यमन्त्रीमा हिराचन्द्र केसीलाई २०७९ असार १२ गते सरकारमा पठायो। अहिले पनि मन्त्री खापुङ र राज्यमन्त्री केसी छन्। तर उनीहरु दुवैको कार्यशैली र बुझाईप्रति मन्त्रालयका कर्मचारी खुशी छैनन्। उनीहरु दुवैले स्वास्थ्यमा राम्रो काम गर्नेभन्दा पनि मन्त्री र राज्यमन्त्रीका रुपमा हाजिर गरेर दिन कटाउने काम गरिरहेको कर्मचारीको बुझाइ छ। उनीहरु भने यो चुनावमा उम्मेदवार बनेका थिएनन् ।

२०७४ को निर्वाचनपछि सबैभन्दा पहिला पद्मा अर्याल स्वास्थ्य मन्त्रालयमा नेतृत्व गर्न आइपुगेकी थिइन्। तत्कालिन प्रधानमन्त्री ओलीले २०७४ चैत २ गते पदमा अर्याललाई स्वास्थ्य राज्यमन्त्री जिम्मेवारी दिएका थिए। राज्यमन्त्री भए पनि उनलाई त्यतिबेला मन्त्रीसरहकै अधिकार दिइएको थियो। उनले स्वास्थ्यमा तीन महिना मात्र काम गर्न पाइन्। उनको निर्वाचन क्षेत्रमा निर्वाचनमा धाँदली भएको भन्दै विवाद भएपछि छानबिन समिति बनाइएको छ। समितिले प्रतिवेदन बुझाएपछि आवश्यक प्रक्रिया अगाडि बढ्ने निर्वाचन आयोगले जनाएको छ ।




बालविवाह सामाजिक र कानुनी अपराध हो

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं ।
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हने कानूनी व्यवस्था छ ।

नेपाल सरकार, विज्ञापन बोर्ड




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# नवऊर्जाका साथ अगाडी बढऔं

प्रतिनिधीसभा र प्रदेशसभा सदस्यको लागि भरखरै शान्तिपूर्व निर्वाचन सम्पन्न भएर मतगणना कार्या भई रहेको छ। धरै जस्तो स्थानको मतगणना सम्पन्न भई विजय भएका उम्मेदवारहरु प्रमाणपत्र पाउन साथ विजय जुलुस निकालि विजयउत्सव मनाएका छन्। मतदान गरी विजय गराउने मतदाताहरुको घरआगनमा पुगी भेटघाट गर्ने कार्य भईरहेको छ भने केही नयाँ अनुहारका विजेताहरुले नयाँ कार्यका साथ विजय उत्सव मनाई रहेका छन्। त्यही क्रममा मोरंग क्षेत्र नं. ५ वाट विजय प्राप्त गरका योगेन्द्र मण्डलले विद्यालयको चर्पी सफा गरी सरसफाई अभियान शुरुवात गरेका छन्। पुराना पार्टीका पुराना नेताहरुले देशलाई डुवाएको भन्दै देशलाई विकास र समृद्धि नाराका साथ आएका केही नयाँ पार्टी र नयाँ अनुहारका स्वतन्त्र उम्मेदवारहरु निर्वाचित भएका छन्। नयाँ अनुहारका उर्जावान विजय भएका उम्मेदवारहरुले देशलाई नयाँ स्वरुप दिने गरी अगाडी बढ्नु पर्छ।

अहिलेको निर्वाचनमा मुख्य गरी नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा ( समाजवादी), र राष्ट्रिय प्रजातन्त्र पार्टी पुराना पार्टीहरु प्रतिस्पर्धामा रहेका थिए भने नयाँ पार्टीको रुपमा नेपाल स्वतन्त्र पार्टी र जनमत पार्टीले यस निर्वाचनमा नयाँ चमत्कार देखाउँदै अगाडी बढेका छन्। नेपाल स्वतन्त्र पार्टीले देशलाई समृद्धिको बाटोमा लम्वियाउँदै विदेशमा रहेका यूवाहरुलाई स्वदेश फिता वोलाउन वातावरण वनाई स्वदेशमै रोजगारी सृजना गर्ने भनेका छन् भने जनमत पार्टीले १० लाखलाई रोजगारी दिने वाँचाका साथ राजनीतिमा उतरेका छन्। यी नयाँ पार्टीवाट विजय भएका उम्मेदवारहरुले त्यही स्प्रिटलाई कायम राख्दै नयाँ उर्जाका साथ अगाडी बढ्नु पर्छ।

अब चुनावी प्रतिस्पर्धाको खेलमा भएको तीता मिठा कुराहरुलाई विर्सेर विजय पराजय भएका नेताहरुले आफूलाई नेता नमानिकन आफूलाई मतदान गर्ने जनताको कार्यकर्ता हुँ भन्दै आफूले गरेको प्रतिवद्धताहरुलाई पुरा गर्न जनताको सेवामा लागी देशमा भई रहकाे भ्रष्टचार, भौतिक निर्माण कार्यमा ढिलासुस्ती, कर्मचारी तन्त्रलाई निर्मुल पार्दै देशको विकास र समृद्धिमा विजय र पराजय भएका दुवै जनताका कार्यकर्ताहरु लागेमा देशमा विकास र समृद्धि आउँछ अन्यथा वादरको हातमा नरिवल जस्तै हुन्छ।

# जनमतमा अभिव्यक्त 'विकल्पको खोजी'

भर्खरै सम्पन्न आम निर्वाचन मार्फत मतपेटिकामा अभिव्यक्त जनमतको गणना जारी छ। देशव्यापी रूपमा जारी मतगणनाको प्रारम्भिक दृश्य अनुसार जनताले विकल्पको खोजी गरिरहेको प्रतीत हुन्छ। पारम्परिक दलहरूको गलत रवैया अनि देश र जनताप्रतिको जवाफदेहीविमुख राजनीतिले जनतामा पुराना दलहरूप्रति वितृष्णा बढ्दै गएको देखिन्छ। तथापि अबको केही दिनभित्र निर्वाचनको अन्तिम मतपरिणाम आएपछि मात्रै मुलुकको राजनीतिले कुन दिशा ग्रहण गर्छ भन्ने अनुमान गर्न सकिन्छ।

लोकतन्त्रलाई बलियो, विश्वसनीय बनाउने अभ्यासले नै हो। जति धेरै लोकतान्त्रिक प्रक्रिया अभ्यासमा आउँछ, उति नै लोकतन्त्रप्रति जनताको विश्वास बढ्दै जान्छ। अनि चुनावी प्रक्रियाले ताजा जनादेश पाउनुका साथै दल र जनप्रतिनिधिमा पनि केही हदसम्म फेरबदल ल्याउँछ। आवधिक रूपमा हुने निर्वाचनले ताजा जनादेशसहित लोकतन्त्रलाई क्रियाशील बनाउँदछ। यसले लोकतान्त्रिक संस्थाहरूको निर्माण गर्नुका साथै राज्य संचालनमा नागरिकको प्रतिनिधित्वलाई पुनर्ताजगी गरिदिन्छ। यस्तो अभ्यासले नै राज्य र नागरिक बीचको करारलाई अद्यावधिक गरिदिन्छ।

यसपटक चुनावमा जनता साँच्चिकै जागेको देखियो। सधैं दलीय आशा र भयमिश्रित प्रभावमा पर्ने जनता यसपटक निर्भयपूर्वक मतदानमा उत्रिएको देखियो। किनकि धेरैको अनुमान विपरित जनताले पुराना पार्टीहरूको दलीय अहंकार र लोकतन्त्रका नाउँमा हुने मनपरीतन्त्रलाई अस्वीकार गरिदिए। राजनीतिक दल र तिनका नेतृत्वले स्थापित गरेका 'डनतन्त्र' र 'धनतन्त्र'लाई रिजेक्ट गरिदिएका छन्। जनताले मतमार्फत दलकै विकल्पको खोजी गरेका छन्। त्यस सवालमा यसपटकको निर्वाचनले जनस्तर बाट नयाँको खोजी गरेको आकलन गर्न सकिन्छ।

**अस्वीकृत 'गठबन्धन' राजनीति**

आवधिक निर्वाचन लोकतन्त्रको आधार हो। लोकतन्त्रमा आवधिक निर्वाचनले नै लोकतान्त्रिक पद्धतिलाई स्थापित गर्ने काम गर्दछ। लोकतन्त्रको विश्व सनीयता पनि यसको अभ्यासमै हुने हो। जनताले आफ्ना असन्तुष्टि अभिव्यक्त गर्ने ठाउँ पनि निर्वाचन नै हो। यसपटकको निर्वाचनमा निर्वाचन आयोगको प्रारम्भिक तथ्यांक अनुसार ६१ प्रतिशत मात्रै मत खसेको जनाएको छ। यो विगतको निर्वाचनको तुलनामा कमै हो।

निर्वाचनका दिन मतदान केन्द्रहरूमा जुन उत्साह देखिनुपर्दथ्यो, त्यो देखिएन। जनता निराश र उदासीन देखिए। उनीहरूले न त दलीय आस्था अनुसार आफ्ना पार्टीका उम्मेदवारलाई नै मतदान गर्न पाए, न व्यक्ति नै रोज्न पाए। राजनीतिक दलहरूले चुनावी श्रेष्ठता हासिल गर्न भन्दै अंगीकार गरेको गठबन्धन राजनीतिले दलहरूको छुट्टै पहिचान र अस्तित्व नै देखिएन। फरक राजनीतिक विचार, दृष्टिकोण र पृष्ठभूमि भएका दलहरू गठबन्धनको माखेसाङ्लोमा पर्दा उनीहरूले आफ्ना कुरा विश्वसनीय ढंगबाट पुऱ्याउन सकेनन्।

परिणामस्वरूप कतिपय मतदाताहरूले मतदान केन्द्रमा लाइन लागेर मतदान गर्न नै जाँगर गरेनन्। गएकाहरू पनि उत्साहित देखिएनन्। आखिर किन ? यसको मुख्य कारण भनेकै राजनीतिक दलहरूले गरेको असंगतिपूर्ण व्यवहार हो। जनताको अभिमतलाई नै बन्धक बनाउने शैलीमा जसरी दलहरू चुनावी गठबन्धन र तालमेलमा उत्रिए, त्यसले जनताप्रति निराशा छाएको देखियो। जनतामा निर्वाचनले उत्साह नै भर्न सकेन।

निश्चित रूपमा आवधिक निर्वाचनले लोकतन्त्र र लोकतान्त्रिक अभ्यासलाई बलियो बनाउने र मुलुकको शासन संचालनको लागि ताजा जनादेश प्राप्त गर्ने बाहेक कुनै भाष्य हुँदैन। तर, सत्ताधारी दलहरूको गठबन्धनले जबर्जस्त रूपमा कथित 'अग्रगमन' र 'पश्चगमन'को जडौरी भाष्य स्थापित गर्न खोजे। जुन सही साबित हुन सकेन। अनि सधैं सत्ता र शक्तिको आडमा तिनै दल र नेतृत्वले आफूलाई परिवर्तनकामी, अग्रगामी र अब्बल ठान्ने ठालू प्रवृत्तिलाई पनि जनताले रुचाएनन्।

एकले अर्कोलाई हिलो छ्यापेर दलहरूले आफ्नो वर्चस्ववादी सत्ता राजनीतिलाई यथागत राख्न गरेको विना शूरतालको चुनावी गठबन्धनलाई पनि जनताले रुचाएनन्। सधैं उही अनुहारले गर्ने तिनै स्टेरियो टाइपवाला कुरा पनि रुचिकर मानेनन्। त्यसमाथि विगतका कालखण्डहरूमा राजनीतिक दलहरूले गरेका गतिविधि र उनीहरूको उच्छृङ्खल शैलीको राजनीतिले जनता दिक्क भए। सत्तामा पुग्न मरिहत्ते गर्ने प्रवृत्ति, आफ्नाहरूलाई नै शासनसत्तामा पुऱ्याउने र राज्यको ढुकुटीमाथिको मिलिभगतको ब्रह्मलुट, उम्मेदवारी चयनमा देखिएको नातावाद, कृपावाद, परिवारवाद र फरियावादको नाङ्गो नाचबाट जनता निराश बने।

राजनीतिक परिवर्तनपछिको एक दशकमा देखा परेको राजनीतिक विच्छृंखलता र शासनसत्तामा बढ्दै गएको मनपरीतन्त्र, भ्रष्टाचार, आर्थिक संकट, महँगीका कारण संकटग्रस्त अवस्था, शासन प्रशासनमा देखापरेको आर्थिक अपारदर्शिता र खर्चिलो प्रशासन संयन्त्रसमेत नियालेका जनताले यसपटक ठूला दलहरूबाट मोह भंग गर्दै मत बदले।

अनि जनतालाई सधैं भ्रम र भयको भूलभुलैयामा राखेर राजनीति गर्ने कथित ठूला पार्टीका बड्कावाला नेताहरूको झुत्रे रणनीति पनि जनताले बुझे। अब जनता नेताहरूका पुरानै ढर्राका कुरा अनि उही विरासतकै निरन्तरताका पक्षमा पनि देखिएनन्। विचार, सिद्धान्त, निष्ठा र राजनीतिक कार्यदिशालाई एकातिर थन्क्याएर केवल चुनावी मतपरिणामलाई आफ्नो पक्षमा पार्न गरिएका चुनावी गठबन्धनको भ्रामक प्रचारमा जनता झुक्किन चाहेनन्। त्यसैले निर्वाचनमार्फत जनताले भद्र अवज्ञा गरिदिए।

**अविश्वसनीय दलीय प्रतिबद्धता**

चुनावी प्रचार अभियान चल्दै गर्दा राजनीतिक दलहरूले धेरैथरी प्रतिबद्धता जनाउन पुगे। दलहरूले आफ्ना घोषणापत्रहरूमा विगतदेखिकै विकास र समृद्धिको साहित्यलाई थप लालित्यमय ढंगबाट प्रस्तुत गरे। जनतालाई धेरै कुरा दिने वाचा पनि गरे। रेल, पानीजहाजदेखि निःशुल्क शिक्षा, स्वास्थ्य सेवा, खानेपानी र बिजुलीसम्म उपलब्ध गराउने वाचा गरे। वृद्धवृद्धालाई भत्ता बढाउनेदेखि उमेर घटाउने सम्मका प्रस्तावहरू दलीय घोषणा पत्रमा लेखिए।

शहरबजारमा मेट्रो र मोनोरेल गुडाउनेदेखि डाँडाकाँडामा केबलकार झुण्ड्याउनेसम्मका योजना सुनाए। अर्थतन्त्र सुधार्नेदेखि आम्दानी बढाउनेसम्मका घोषणा गरे। ब्याङ्कको ब्याज घटाउनेदेखि किसानको प्याज बेच्नेसम्मका योजना अघि सारे। के दलका सबै घोषणा संभाव्य छन् ? निश्चित रूपमा दलहरूका चुनावी घोषणापत्र पढ्दा राजनीतिक नेतृत्वमा आर्थिक साक्षरता (इकोनोमिक लिटरेसी) को अभाव देखिन्छ। किनकि घोषणापत्रले घोषणा कार्यान्वयन गर्ने कार्ययोजना पेश गरेको छैन।

हाम्रो अर्थतन्त्र र स्रोतले धान्ने योजना के हो ? उत्पादन बढाउने र रोजगारी सिर्जना गर्ने योजना के हो ? हामीलाई चाहिएको विकास कस्तो हो ? जनताको अवस्था कसरी बदलिन्छ ? बढ्दो भ्रष्टाचार र अनियमितता कसरी न्यूनीकरण गर्न सकिन्छ ? हाम्रा आधारभूत आवश्यकता र प्राथमिकता के हुन् ? यी यावत् विषयहरू यथोचित ढंगबाट सम्बोधित हुन सकेका छैनन्।

यदि साँच्चिकै मुलुकको अर्थ-राजनीतिक रूपान्तरण गर्ने हो भने घोषणा हैन, जनताको अवस्था बदल्ने सूक्ष्म अर्थ-राजनीतिक कार्यदिशा अवलम्बन गर्न जरूरी हुन्छ। तर, राजनीतिक दलहरूका घोषणापत्रमा त्यस्ता आर्थिक, सामाजिक रूपान्तरणका

वांकी पांच पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान सम्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

वांकी ५ पेजमा...

# स्वतन्त्रबाट विजय भएका योगेन्द्र मण्डल को हुन् ?



प्रदेश नं. १ मोरंग जिल्लाको दक्षिणी भारतसँग सिमाना जोडिएर रहेको धनपान थान गाउँपालिका वडा नं. २ अमाही वरियाती टोलमा जन्मनु भएका योगेन्द्र मण्डल प्रारम्भीक अध्ययन स्थानीय विद्यालयमा गरेर २०५२ सालमा विज्ञानमा स्नातक (बीएस्सी) उत्तीर्ण गरी तत्कालिन मोरङको अमाही बरियाती गाबिसमा विद्यालय नजाने आफ्नै गाउँघरका विद्यार्थीहरुलाई भेला गरेर निःशुल्क ट्युसन पढाएका थिए ।

२५ वर्ष लघुवित्त क्षेत्रमा काम गरेका योगेन्द्र मण्डल पहिलो पटक राजनीतिक परीक्षा दिएर पास भएका छन् । पछिल्लो पाँच वर्षयता नेकपा एमालेबाट मोरङ क्षेत्र नम्बर-५ मा केन्द्रीत राजनीति गरेका ५१ वर्षीय मण्डलले पार्टीले टिकट नदिएपछि स्वतन्त्र उम्मेदवार बनेका थिए । २५ वर्षअघि उनले स्थापना गरेको जीवन विकास संस्था नेपालमा स्थापित लघुवित्त हो ।

२०५४ मा जीवन विकास समाज नाम संस्था स्थापना गरेर गाउँमा वित्तीय गतिविधि थालेका उनलाई स्थानीयले नामले भन्दापनि 'जोगीसर' उपनामले चिन्छन् । जीवन विकास पब्लिक स्कुलमा एक हजार २ सय र बालविकास केन्द्रहरूमा ६ सय विद्यार्थी हाल अध्ययनरत छन् । विद्यालयलाई ब्यवस्थित बनाउंन १० करोड रूपैंयाँको अक्षयकोष स्थापना गरेका छन् ।

जीवन विकास समाजका सबै पदबाट बिदा लिएर चुनावमा होमिएका उनी विद्यालयका अध्यक्ष मात्रै छन् । उनको अगुवाईमा ३ सय शय्‌याको अस्पताल निर्माणाधिन छ । यसै वर्षदेखि सय शय्‌याको अस्पताल सञ्चालन हुने समाजले जनाएको छ ।

समाजमार्फत कृषि फार्म, ब्यवसायिक भैंसीपालन, दूध डेरी, पिउने पानी उद्योग, घर निर्माणमा चाहिने ब्लक उद्योग सञ्चालन गरेर मण्डलले सो क्षेत्रका सयौंलाई रोजगारी दिएका छन् ।

दुई हजार जनाले रोजगारी पाएका छन् भनें कृषिलाई ब्यवसायिक र आधुनिकीकरण गर्न उनले यान्त्रिकरण अभियान चलाएका छन् । गुणस्तरीय शिक्षा प्रदान गरेकैले मण्डलले ३ लाख अमेरिकी डलरको अन्तर्राष्ट्रिय पुरस्कार पाएका थिए । यस्तै उनले १५ लाख राशिको स्वदेशी पुरस्कार पनि


## हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १


# दीर्घायू र स्वस्थ जीवनका लागि साकाहारी भोजन

समीक्षा अधिकारी

परिचय

विकासोन्मुख देशहरुमा स्तन क्यान्सर एउटा प्रमुख स्वास्थ्य समस्याको रुपमा देखिएको छ । स्तनमा भएका कोष कोषिकाहरुमा असामान्य परिवर्तन भई तिनीहरूको अनियन्त्रित तथा अनावश्यक बृद्धिबाट बन्ने गिर्खा, गाँठागुँठी र निको नहुने घाउलाई स्तन क्यान्सर भनिन्छ । यो रोग प्रायः महिलाहरूलाई लागे पनि पुरूषहरू पनि यस रोगबाट प्रभावित हुने गरेका छन् । हरेक वर्ष झण्डै दश लाख महिलाहरु स्तन क्यान्सरबाट पीडित भएको तथ्याङ्कले देखाउँछ । विश्वव्यापी रुपमा हेर्ने हो भने स्तन क्यानसर बढ्नेको दर छिटो रहेको छ भने प्रजनन उमेरका महिलाहरुमा क्यान्सरबाट मृत्यु हुने एक महत्त्वपूर्ण कारण बनेको छ । अशिक्षा र चेतनाको कमि, स्वास्थ्य सेवा कर्मचारी र उपकरणहरूको अपर्याप्त स्रोत,संख्या (सीमित स्तन क्यान्सर स्क्रीनिंग कार्यक्रम) अनि प्रशिक्षण र सेवाको असमान वितरण यसका साथै सामाजिक, आर्थिक र भौगोलिक असमानता साथै ढिलो रोग निदानको कारण समयमै उपचार नपाउनाले गर्दा यो रोग धेरैजसो महिलाहरुमा मृत्युको करण बनेको छ ।

विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार सन् २०२० मा विश्वभर २ दशमलव ३ मिलियन महिलाहरुमा स्तन क्यानसर भएको छ भने यसका साथै ६८५००० को मृत्यु भएको तथ्याङ्कले देखाएको छ। सन् २०२० को अन्त्यमा ६ दशमलव ८ मिलियन महिलाहरु जिबित रहेका छन्। जसमा अन्तिम ५ वर्षमा क्यान्सर पुष्टी भएको थियो। बिगत दश वर्षको तथ्याङ्क हेर्ने हो भने स्तन क्यान्सरको दर विस्तारै बढ्दै गएको छ। नेपालको सन्दर्भमा हेर्दा स्तन क्यान्सर दोस्रो प्रमुख क्यान्सरको रुपमा रहेको छ। गुलोबोक्यान २०२० को तथ्याङ्कअनुसार नेपालको सन्दर्भमा, ९.६ प्रतिशत स्तन क्यान्सर दुवै महिला र पुरुषमा तेस्रो प्रमुख क्यान्सरको रुपमा रहेको देखिएको छ। त्यसैगरी ७.७ प्रतिशत व्यक्तिमा मृत्यु भएको पाईएको छ। १७.१ प्रतिशत स्तन क्यान्सर महिलाहरुमा दोस्रो प्रमुख क्यान्सरको रुपमा रहेको पाईएको छ। स्तन क्यान्सरको संक्रमण दर २८.८३ प्रतिशत प्रति १००००० रहेको छ ।

निम्न अवस्थाहरूमा स्तन क्यान्सरको जोखिम बढी हुन्छ

- वंशाणुगत कारणमा आमा, दिदीबहिनी, छोरी वा नजिकका नातेदारहरूमा स्तन क्यान्सर भएमा
- BRCA1 / BRCA2 जिनमा उत्परिवर्तन (म्यूटेशन) भएको व्यक्तिहरुमा बढी खतरा हुन्छ ।
- यदि पहिलो गर्भाधारणको उमेर ३० वर्ष भन्दा माथी भयो भने पनि बढी खतरा हुन्छ ।
- स्तनमा पहिलेदेखि नै गाठाँगुठी वा पुराना समस्या भएमा
- पहिले एउटा स्तनमा क्यान्सर भइसकेका महिलाहरू को अर्को स्तनमा पनि क्यान्सर हुने सम्भावना बढी हुन्छ ।
- बच्चा नजन्माएका महिलाहरूमा अथवा बच्चालाई राम्रोसँग स्तनपान नगराउने महिलाहरूमा बढी खतरा हुन्छ ।
- शारीरिक व्यायाम नगर्ने, धूम्रपान र मध्यपानगर्ने व्यक्तिहरुमा बढी खतरा हुन्छ ।

स्तन क्यान्सरको चिन्ह र लक्षणहरू

- स्तनको मुन्टो दुख्नु र गाडिनु ।
- स्तनमा गिर्खा वा गाँठा फेला पर्नु ।
- स्तन रातो हुनु वा सुन्निनु ।
- स्तनबाट रगत वा पीप मिसिएको दूध बग्नु ।
- स्तनको छालाको रंगमा परिवर्तन हुनु ।
- स्तनको आकारमा वा साइजमा परिवर्तन आउनु ।
- स्तनमा लामो समयसम्म निको नहुने घाउ हुनु ।

रोग निदान गर्ने उपायहरु

स्वयंद्वारा गरिने स्तन परीक्षणः यसमा महिलाहरूले महिनावारी भएको ७ दिनपछि र महिनावारी सुकिसकेका महिलाहरू तथा अनियमित हुनेले प्रत्येक महिनाको कुनै एकदिन आफ्नो स्तन आफैंले राम्ररी हेरेर तथा छामेर स्तनमा भएको गिर्खा वा कुनै परिवर्तन आफैंले थाहा पाउन सक्दछन् ।

नियमित स्वास्थ्य परीक्षणः चिकित्सक वा तालीम प्राप्त स्वास्थ्यकर्मीहरुबाट स्तनको नियमित परीक्षण गराउनु पर्दछ।

म्यामोग्राफीः म्यामोग्राफी एक विशेष प्रकारको एक्स-रे परीक्षण हो। यो परीक्षण सामान्यतया ४० वर्ष काटेका महिलामा गरिन्छ र वार्षिक रुपमा परीक्षण गर्ने सल्लाह दिइन्छ ।

बायोप्सी (मासुको जाँच): स्तनको प्रभावित भागबाट सानो मासुको टुक्रानिकाली प्रयोगशालामा परीक्षण गरी स्तन क्यान्सरको निदान गरिन्छ ।

फाइन निडल एस्पिरेसन साइटोलोजी (एफएनएसी): स्तनमा भएका गिर्खाको कोष-कोषिकाहरूबाट मसिनो सुइले कोषहरू झिकेर, प्रयोगशालामा अध्ययन गरी क्यान्सर निदान गर्न यो परीक्षण गरिन्छ ।

उपचार विधि

शल्यक्रियाः स्तन क्यान्सर को अवस्था हेरी क्यान्सरयुक्त गाँठो मात्र (लम्पेक्टोमी)अथवा पुरै स्तन(मास्टेक्टोमी ) लाई अप्रेसन गरी निकाल्नु पर्दछ ।

रेडियोथेरापीः क्यान्सर भएका कोष-कोषिकाहरुलाई कडा विकिरणको प्रयोगबाट स्तन क्यान्सरको उपचार गरिन्छ ।

केमोथेरापी : एन्टी क्यान्सर ड्रगको प्रयोग गरेर क्यान्सर कोषहरुलाई मारिन्छ ।

हर्मोनथेरापीः स्तन क्यान्सर उपचारमा हर्मोनको प्रयोग गर्नजरूरी हुन्छ। आवश्यकता अनुसार लामो समय सम्मकोलागि हर्मोन थेरापीको पनि प्रयोग गरिन्छ ।

प्यालिएटिभ केयरः बिरामीको पीडा र असुविधाहरू कम गर्न सकिने आवश्यक विभिन्न उपचारको समिश्रण प्यालियटिभ उपचार हो। बिरामी र रोगको अवस्थाको आधारमा उपरोक्त उपचार विधिहरूमध्ये एक वा एकभन्दा बढी विधिहरूको प्रयोग गरिन्छ। पौष्टिक आहार, बिरामीको स्याहार सुसार तथा पारिवारिक स्नेहले क्यान्सर रोगको उपचारमा ठूलो महत्त्व रहेको छ ।

स्तन क्यान्सरको रोकथाम

स्तन क्यान्सर यौवन अवस्थापछि जुनसुकै उमेरको महिलाहरुलाई पनि देखिन सक्छ, त्यसका साथै पछिल्लो उमेर समूहका महिलाहरुलाई धेरै देखिने हुदाँ महिलाहरुले आफ्नो स्तनको आफै परीक्षण गरी वा कुनैपनि खाल्को चिन्ह र लक्षणहरू देखा परेमा तुरुन्तै नजिकैको स्वास्थ्य केन्द्र वा सम्बन्धित अस्पतालमा जाँच गराउनु पर्दछ। स्तन क्यान्सरको रोकथामका उपायहरु यस प्रकार रहेका छन् :

- वंशाणुगत रोग भएका महिलाले नियमित स्तन परीक्षण गर्ने ।
- बच्चालाई दुई वर्षसम्म लगातार स्तनपान गराउने ।
- चिल्लो तथा बोसोयुक्त खानेकुराहरु कम खाने ।
- सूर्तीजन्य पदार्थ चुरोट, बिडी, सुर्ती, तम्वाखु र रक्सी आदिको सेवन नगर्ने ।
- अनावश्यक मोटोपन घटाउने ।
- नियमित रुपमा योग, व्यायाम गर्ने।

विषेशतः स्तन क्यान्सर सुरवाती चरणमा पत्ता लगाउन सकियो भने निको हुन्छ। स्तन क्यान्सर रोकथाम र निदानका लागि व्यक्ति स्वंयमको मात्र नभइ स्वास्थ्य संस्था र सरकारी नीति नियमको ठूलो भूमिका रहेको हुन्छ। यसका लागि हामीले तल उल्लेखित बुँदाहरुमा ध्यान दिन जरुरी छ ।

- स्तन क्यान्सर सम्बन्धी विभिन्न माध्यमबाट जनचेतना जगाउने
- लागत प्रभावकारी निदान परीक्षणको व्यवस्था गर्ने ।
- निवास नजिकै सुविधा सम्पन्न स्वास्थ्य संस्था स्थापना गर्ने ।
- दक्ष स्वास्थ्यकर्मीका साथसाथै उचित परामर्शको व्यवस्था गर्ने ।
- स्वास्थ्य बीमा कार्यक्रमलाई अझै परिमार्जित र प्रभावकारी बनाउने ।

(अधिकारी चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालकी रिसर्च एसोसिएट हुन् ।)




## २०७४ को निर्वाचन पछि स्वास्थ्य मन्त्री बनेका ६ जना पराजीत

विराटनगर । २०७४ को निर्वाचनपछिको पाँच वर्षमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा मन्त्री र राज्यमन्त्रीको जिम्मेवारीमा १० जना आए। जसमध्ये अहिलेको निर्वाचनमा हालका मन्त्री भवानीप्रसाद खापुङ र राज्यमन्त्री हिराचन्द्र केसी बाहेक सबै जना उम्मेदवार बनेका थिए ।

निर्वाचनमा होमिएका ८ जना पूर्व मन्त्री र राज्यमन्त्रीमध्ये पद्मा अर्यालको निर्वाचन क्षेत्रमा विवादका कारण अझै मतगणना हुन सकेको छैन भने डा सुरेन्द्र यादवको क्षेत्रमा अझै मत गणना सकिएको छैन। डा यादव पनि धेरै मतले पछाडि छन्। अन्य ६ जना मन्त्री र राज्यमन्त्री भने निर्वाचनमा पराजित भएका छन्। आफ्नो कार्यकालमा राम्रो काम गर्न नसकेका मन्त्री पराजित भएपछि स्वास्थ्य मन्त्रालयका कर्मचारीले भने खुशी व्यक्त गरेका छन् ।

शुक्रबार स्वास्थ्य मन्त्रालयमा केही कर्मचारीहरु मन्त्रालयको काममा चासो नदिएका र विवादमा आएका मन्त्रीहरु सबै पराजित भएछन् भन्दै खुशी हुँदै कुराकानी गरिरहेका थिए ।

पाँच वर्षको अवधिमा भएका मन्त्रीहरुमध्ये सबैभन्दा बढी विवादमा भानुभक्त ढकाल आएका थिए। कोरोना महामारीको समयमा घरमा पाहुना आएका छन् भन्दै पन्छिनेदेखि कोरोना सामग्री खरिदमा अनियमितता गरेको आरोप उनी माथि छ ।

ढकाल मोरङ क्षेत्र नम्बर ३ बाट निर्वाचनमा होमिएका थिए। उनलाई नोबल मेडिकल कलेजका सञ्चालक नेपाली कांग्रेसका उम्मेदवार सुनिल शर्माले पराजित गरेका हुन् । शर्मा ४५०९७ मत ल्याई विजयी भएका हुन्। उनले ढकाललाई २११०४ मतान्तरले पराजित गरेका हुन् । पराजित भानुभक्त ढकालले २३९९३ मत ल्याएका छन् । ढकाल २०७६ मंसिर ५ गते स्वास्थ्य मन्त्रालयमा आएका थिए ।

ढकाल स्वास्थ्यमन्त्री भएको दुई महिनापछि नेपालमा कोरोना भाइरसको संक्रमण देखापर्यो । नेपालमा कोरोना संक्रमित फेला नपर्दा ढकाललाई पूर्व तयारी गर्न सुझाव दिनेहरुलाई उनले चीनमा पानी पर्यो भन्दैमा नेपालमा छद्धाता ओढ्न आवश्यक नभएको भन्दै संसदमा नै गैरजिम्मेवार जवाफ दिएका थिए ।

ढकालभन्दा अगाडि स्वास्थ्य मा उपेन्द्र यादव मन्त्री थिए। उपप्रधानसहितको जिम्मेवारी लिएर आएका जनता समाजवादी पार्टी नेपालका अध्यक्ष यादव पनि भारी मतान्तरले पराजित भएका छन्। यादव सप्तरी क्षेत्र नम्बर २ बाट चुनावी मैदानमा होमिएका थिए। उनलाई जनमत पार्टीका अध्यक्ष सिके राउतले पारजित गरेका हुन् ।

पूर्व स्वास्थ्यमन्त्री यादवलाई १८ हजारको मतान्तरले पराजित गर्दै राउत विजयी भएका हुन्। विजयी भएका राउतले ३५ हजार ४२ मत ल्याए। उनका प्रतिस्पर्धी यादवले १६ हजार ९६३ मत ल्याएका छन् । दुवै बीच १८ हजार ६३ मतको अन्तर रह्यो ।

२०७५ जेठ १८ गते यादव मन्त्रीका रुपमा स्वास्थ्य मन्त्रालयमा प्रवेश गरे। उपप्रधानमन्त्रीकै हैसियतमा मन्त्रालयको जिम्मेवारी सम्हालेका यादवले मन्त्रालयको काममा कुनै पनि चासो नदिएको आरोप लाग्यो। मन्त्रालयमा रहँदा उनले 'डुलुवा' मन्त्री र 'असफल'मन्त्रीको उपनाम पाए। यादवले स्वास्थ्य मन्त्रालयमा २०७६ मंसिर ५ गतेसम्म नेतृत्व गरे ।

अहिलेको निर्वाचनमा पराजित भएका अर्का पूर्व स्वास्थ्यमन्त्री हुन् हृदयेश त्रिपाठी पश्चिम नवलपरासी क्षेत्र नम्बर १ बाट चुनावी मैदानमा थिए । उनलाई नेपाली कांग्रेसका विनोद चौधरीले पराजित गरेका हुन्। चौधरीले पूर्व स्वास्थ्यमन्त्री त्रिपाठीलाई ७ हजार १८७ मतले पराजित गरेका हुन्। चौधरीले २९ हजार ४९५ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी त्रिपाठीले २२ हजार ३०८ मत प्राप्त गरेका छन् ।

उनी २०७७ पुस १० गते स्वास्थ्यमन्त्री नियुक्त भएका हुन्। मन्त्री नियुक्त भएको केही समयपछि नेपालमा कोभिड विरुद्धको खोप आएपछि उनको केही दिन सकारात्मक चर्चा भएको थियो । तर त्यसपछि खोप खरिदका विषयमा एजेन्टहरुले खेलेको विषय बाहिर आएको थियो। उक्त कुरा मन्त्री त्रिपाठीले पनि स्वीकार गरेका थिए । तर उनले एजेन्टको नाम सार्वजनिक नगरेपछि उनको तीव्र आलोचना सुरु भएको थियो ।

मन्त्रीबाट बाहिरीने दिन पनि उनी विवादमा आएका थिए । नेपालमा दर्ता नै नभएको अवैध औषधि मन्त्रालयमा नै दाताबाट लिएपछि उनको ओलोचना भएको हो । भारतमा निकै विवादित रहेको आयुर्वेद संस्था पतञ्जलीले बनाएको १५ हजार कोरोनिल आयुर्वेदीक औषधि मन्त्री त्रिपाठीले लिएका थिए ।

त्रिपाठीपछि ओलीले स्वास्थ्यमा शेरबहादुर तामाङलाई मन्त्री नियुक्त गरेका थिए । तामाङलाई ०७८ जेठ २१ गते मन्त्रीमा नियुक्त गरिएको थियो । उनको कार्यकाल पनि निकै छोटी रह्यो। उनी असार १० गतेसम्म मात्र मन्त्री भए ।

तामाङ पनि यसपटकको निर्वाचनमा पराजित भएका छन्। सिन्धुपाल्चोक- २ बाट कांग्रेसका मोहन बस्नेतले तामाङलाई पराजित गरेका हुन् । मोहन बस्नेतले ३९ हजार ३६७ मत ल्याएर जित हासिल गरे भने एमाले उम्मेदवार तामाङले २७ हजार ४९३ मत ल्याए ।

वांकी अन्तिम पेजमा...

# मोरंग क्षेत्र नं. २ बाट निर्वाचित पोखरेल को हुन् ?

विराटनगर । मोरङ क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा नेकपा (एमाले) का ऋषिकेश पोखरेल निर्वाचित भएका छन् । उनले सत्ता गठबन्धनकी साझा उम्मेदवार नेपाली कांग्रेसकी सुजाता कोइरालालाई पराजित गरे । पोखरेल र कोइरालाको मतान्तर १२०८ छ ।

पोखरेलले ३३ हजार १ सय ४८ मत ल्याउँदा उनकी निकटतम प्रतिद्वन्धी कांग्रेसकी कोइालाले ३१ हजार ९ सय ४० मत प्राप्त गरेको निर्वाचन अधिकृत नगेन्द्रकेशरी पोखरेलले हाम्रो विराटनगरलाई जानकारी दिए ।

उनका अनुसार सो क्षेत्रमा १ लाख २४ हजार ७ सय २९ मतदाता रहेकोमा ८० हजार ४ सय ३० मत खसेको थियो ।

निर्वाचन अधिकृतको कार्यालयले अन्तिम मत परिणाम सार्बजनिक गर्दै पोखरेल निर्वाचित भएको औपचारिक घोषणा गरेको हो । २०७४ सालमा भएको निर्वाचनमा बाम गठबन्धन हुँदा पोखरेल नेपाली कांग्रेसका मिनेन्द्र रिजालसँग पराजित भएको थिए ।

यसपटक उनले नेपाली कांग्रेसका तत्कालिन सभापति स्वर्गीय गिरिजाप्रसाद कोइरालकी छोरी सुजातालाई पराजित गरेका हुन् । पोखरेल २०७० सालमा भएको दोस्रो संविधानसभा निर्वाचनमा निर्वाचित भएका थिए ।

को हुन पोखरेल ?

विद्यार्थी कालदेखिनै राजनीति मा लागेका पोखरेल केन्द्रीय राजनीतिमासमेत प्रभावपार्ने प्रभावशाली नेता हुन् । एमालेको देशभरीमा सवैभन्दा धेरै पार्टी सदस्य रहेको र प्रदेश १ को राजधानीसमेत रहेको जिल्लाको पार्टी अध्यक्षसमेत भएकाले पोखरेलको राष्ट्रिय राजनीतिमा पनि प्रभाव छ । उनकै नेतृत्वमा मोरङमा सांगठनिकरुपमा एमाले निकै शक्तिशालि छ । मोरङका अन्य क्षेत्रमा प्रभावशाली नेताहरु पराजित भएपनि पोखरेल गठबन्धनलाई हराउँदै निर्वाचित भएका छन् ।

उनी पिता रामचन्द्र पोखरेल र आमा स्वर्गीय यमुनादेविको कोखबाट जेठो सन्तानका रुपमा बिक्रम सम्वत २०२४ साल कात्तिक १५ गते जन्मिएका हुन् । पोखरेल एक भाई र दुई बहिनीका जेठा दाजु हुन् । उनी रतुवामाई नगरपालिका वडा नम्बर ५ स्थित उल्लुघुटुका स्थानीयवासी हुन् ।

२०५७ सालमा अञ्जला कोइरालासँग विवाह गरेका पोखरेलका एक छोरा र एक छोरी छन् । पत्नी अञ्जला कोइराला पेशाले शिक्षिका हुन् भनेर छोरा र छोरी उच्च शिक्षा अध्ययनरत छन् ।

सानैदेखि गाउँको विकासमा लागि परेका पोखरेल २०४० सालमा सुनवर्षी माध्यमिक विद्यालयमा कक्षा-५ मा अध्यनरत छँदै सो विद्यालयमा अनेरास्ववियुको प्रारम्भीक कमिटि अध्यक्ष भएर राजनीतिमा लागेका थिए ।

त्यसपछी इटहरा माविबाट एस. एल. सि उतिर्ण भएका उनी सो विद्यालयमा अध्यनरत हुँदा अखिलको प्रारम्भीक कमिटिको सचिव रहेर काम गरे ।



निर्वाचित भएपछि प्रमाण पत्र बुझ्दै ऋषिकेश पोखरेल ।

सानै देखि गाउँको विकासमा चासो राख्ने उनै पोखरेल पछि महेन्द्र मोरङ आदर्श बहुमुखि क्याम्पसको अखिलको प्रारम्भीक कमिटि अध्यक्ष भएर काम गरेका उनले ०४६ सालको आन्दोलनमा आन्दोलन परिचालन कमिटिको सचिव भएपछी अग्र मोर्चामा रहेर आन्दोलनको कमाण्ड सम्हालेका थिए ।

यस विचमा विद्यार्थीका हक अधिकारका सवालमा आवाज उठाउँदै विद्यार्थी राजनितिमा होमिएका उनी पार्टीका विभिन्न संगठनमा रहेर समेत गाउँको विकास निर्माण र समाज सुधारमा अग्रसर बनिरहे ।

उनै पोखरेल अखिलको जिल्ला कमिटि उपाध्यक्ष, अध्यक्ष, केन्द्रीय सदस्य, केन्द्रीय सचिवालय सदस्य समेत भए भने २०५२ सालमा महेन्द्र मोरङ आदर्श बहुमुखि क्याम्पस विराटनगरको स्ववियू सभापति हुदै स्वतन्त्र विद्यार्थी युनियनको पूर्वाञ्चल काउन्सील प्रमुखसमेत बन्न सफल भए ।

पछी विद्यार्थी राजनीति छाडेर पार्टीको राजनितिमा जिल्ला कार्यालय सचिव भएर काम गरे । पाँच कार्यकाल नेकपा (एमाले) मारङको जिल्ला कमिटि सदस्य भएका उनै पोखरेलले पार्टीको २ कार्यकाल सचिव भएर काम गरेका छन् ।

त्यसपछि माओवादी केन्द्रसँग पार्टी एकता पश्चात बनेको तत्कालिन नेकपा मोरङको अध्यक्ष र सर्बोच्च अदालतको फैसलापछि दुवै पार्टी पूर्वअवस्थामै फर्किएपछि अध्यक्षमा निरन्तरता पाए । त्यसको केही समयपछि २०७८ साल पुस २३ र २४ गते विराटगरमा सम्पन्न एमाले मोरङको नवौं अधिवेशनबाट उनी पुनः अध्यक्षमा निर्वाचित भएका हुन् ।

विभिन्न तहको पार्टी नेतृत्व र जिम्मवारीमा रहेका कुशलतापूर्वक भूमिका निर्वाह गरेको उनै पोखरेल २०७० सालमा भएको दोस्रो संविधानसभाको निर्वाचनमा निर्वाचित संविधानसभा सदस्यसमेत हुन् ।

उक्त निर्वाचनमा साविकको क्षेत्र नं. १ तथा हालको क्षेत्र नं. २ मा नेपाली कांग्रेसका नेता तथा पूर्व शिक्षा मन्त्री आमोदप्रसाद उपाध्यायलाइ अत्याधिक मत अन्तरले हराउँदै उनी निर्वाचीत भएका थिए ।

निर्वाचन जितेपनि संविधान सभाको बैठक बाहेक अन्य समयमा गाउँका जनताका माग संविधानमा संबोधनमा लागि गाउँमै पुगेर सुझाव संकलन गरिरहन्थे । अर्को अर्थमा उनी प्राय गाउँकै जनता सँग विकास निर्माण सँगै सुखदुखमा सँधै घुलमिल भइरहन्थे ।

संविधानसभाले संविधान निर्माण गरेपश्चात रुपान्तरित संसाद भएपछी उनले धेरै बजेट सो क्षेत्रमा खन्याउन सफल भएर अझ उनको लोकप्रीयता चुलियो । उक्त बजेटबाट अहिले प्रयाप्त मात्रामा सो क्षेत्रमा विकासको पूर्वाधार तयार भएको स्थानिय बताउँछन् ।

संविधानसभाको सदस्य हुँदा संविधान निर्माणको जिम्मा जनताले सूम्पिएकाले सो बमोजिमको दायीत्व उनले पुरा गरेरै छाडे । संविधानसभामा र त्यसपछि रुपान्तरित संसदमा सवैभन्दा बढी किसान, मधेशी, महिला, दलित, मुस्लीम, अल्पसंख्यक तथा सिमान्तकृत समुदायका सवालमा आवाज उठाउने मात्र नभई आफ्नो क्षेत्रका समस्या र जनताका मागहरु खरोरुपमा प्रस्तुत गरे ।

संविधानसभा सदस्य हुँदा पनि सो क्षेत्रको चौतर्फी विकासका लागि धेरै काम गर्दासमेत सस्तो लोकप्रीयताका लागि उनी कहिल्यै प्रचारमुखि बनेनन् । राजनीतिक 'स्टन्ट' र प्रचारमुखि भन्दा पनि जनताको प्रतिनिधिका रुपमा कामप्रती विश्वास पोखरेल गर्छन् ।

सो क्षेत्रमा निकै लोकप्रीय भएपनि २०७४ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा उनी कांग्रेस नेता मिनेन्द्र रिजालसँग प्राविधिक कारणले पराजित भएका थिए । निर्वाचनमा प्राविधिक कारणले पराजित भएपनि उनी आफ्नो समाज भन्दा पर रहेनन् । उनी पार्टी संगठनका काम र स्थानीय जनसरोकारका विषयमा जहिल्यै अघि सर्दै आएका छन् । उनी निरन्तर सो क्षेत्रका गतिविधिमा सकृय सहभागिता जनाउँदै आएका छन् ।

चुनाव जितेर गाउँ नफर्किने नेताका अगाडी चुनाव हारेर पनि उनी सो क्षेत्रको चौतर्फी विकासमा लागि पर्दै आएका छन् । त्यति मात्र होइन जनताका हरेक सुखदुखको साथी पोखरेल बन्दै आएका छन् ।

सोही क्षेत्रका स्थानीयवासी रहेका पोखरेल जनतासँग सँधै घुलमिल हुने, जनताकोबिचमै रहने र उक्त क्षेत्रको विकास निर्माण तथा सामाजिक कार्यहरुमा अग्रसर हुदै आएकाले पोखरेल यसपटकको निर्वाचनमा पाँच दलिय सत्ता गठबन्धनलाई पराजित गर्दै विजयी भएका हुन् ।

स्वष्ट र प्रखर वक्ता रहेका उनी कहिल्यै विवादमा नमुछिएका नेता हुन् । बौद्धिक, सरल र बैचारिक नेताको पहिचान बनाएका पोखरेल विपक्षी पार्टीका नेता कार्यकर्ताले समेत मन पराउने गरेका छन् । उनले विपक्षी दलका नेता कार्यकर्ताहरुको समेत सहानुभूती पाउँदै आएका छन् ।

प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका पोखरेलले अब आफु आफ्नो समाज बलियो बनाउन र समाज परिवर्तनको अभियानमका लाग्ने लागि पर्ने बताएका छन् ।

## सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिाधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं ।

कटहरी गाउँपालिकाको कार्यालय कटहरी, मोरंग, प्रदेश १

# कार्तिक महिनाको राई र थापा सर्वोत्कृष्ट प्रहरी घोषित



प्रहरी नायव उपरीक्षक राजकुमार राई र प्रहरी निरीक्षक मिलन थापा सर्वोत्कृष्ट प्रहरी घोषित

विराटनगर।१ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरले प्रहरी नायव उपरीक्षक राजकुमार राई र प्रहरी निरीक्षक मिलन थापालाई कार्तिक महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित गरेको छ।

विभागिय मुल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले कार्य गर्ने उनिहरुलाई प्रदेश प्रहरी कार्यालय बिराटनगरले सम्पादित कार्यको उच्च मुल्याङकन गर्दै महिनाको सर्वोत्कृष्ट प्रहरी घोषणा गरेका हो।

पुरस्कृत भएका प्रहरी नायव उपरीक्षक राज कुमार राई जिल्ला प्रहरी कार्यालय सुनसरीमा कार्यरत रही अपराध अनुसन्धानको क्षेत्रमा उत्कृष्ट कार्य गर्नु भएको तथा प्रहरी निरीक्षक थापा ईलाका प्रहरी कार्यालय उर्लावारी मोरङमा कार्यरत रही दमक १० बस्ने १५ बर्षीय दियुष श्रेष्ठ र उर्लाबारी-८ का ४२ बर्षीय काजी दर्जीलाई धारिलो हतियार प्रहार गरी मृत्यु भएको छुट्टा छुट्टै घटनाहरुमा अभियुक्तहरुको पहिचान तथा पक्राउ गरी कानूनी कारवाहीको दायरामा ल्याउन सफल भएकोले दुबै जनालाई उत्कृष्ट प्रहरी घोषणा गरिएको हो।

प्रहरी कर्मचारीहरुको मनोवल उच्च बनाउने तथा सम्पादित कार्यको उचित मूल्याङकन गर्दै १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले १ नम्बर प्रदेश भरीका प्रहरी कर्मचारीहरु मध्येबाट प्रत्येक महिना सर्वोत्कृष्ट प्रहरी छनौट गर्दै आइरहेको छ। सर्वोत्कृष्ट हुने प्रहरी कर्मचारीलाई पुरस्कृत गरी उत्कृष्ट कार्यको बिवरण सहितको फ्लेक्स प्रिण्ट १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगर तथा प्रदेश प्रहरी अन्तरगत रहेका इलाका प्रहरी कार्यालय "क" स्तरसम्मका प्रहरी कार्यालयहरुमा १ महिना सम्म राखिदै आईएको छ।

## सार्वजनिक सूचना

आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिाधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरू) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं।

ग्रामथान गाउँपालिकाको कार्यालय मोरंग, प्रदेश १

## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

अन्तरिक राजश्व कार्यालय विराटनगर

## जनमतमा...

कार्ययोजना नदेखिंदा जनताले दलीय घोषणालाई केवल चुनावी नारा ठाने र त्यसप्रति कुनै जिज्ञासा र कौतूहल देखाएनन्। बरु पुरानाले गर्ने कुरै रहेछ भन्दै, आक्रोश र अविश्वासको मत अन्यत्र हालिदिए।

पुराना अनुहारप्रतिको वितृष्णा

मतगणनाको प्रारम्भिक परिणाम विश्लेषण गर्दा जनता आफूलाई वर्षौंदेखि शासन गरिरहेका शासकहरूको अनुहारबाट समेत मिच्छिएको अनुभूति हुन्छ। शासन सत्ता र प्रतिपक्षीमा रहेका राजनीतिक दलहरू सबैजसो पुरानो भए। जसरी प्रविधिको फड्कोसँगै पुराना जिनिसहरू निकम्मा हुन्छन्, नेतृत्वमा पनि त्यो अवधारणा लागू हुने रहेछ। एउटै व्यक्ति १५/२० वर्षसम्म कुनै न कुनै रूपमा शासन सत्तामा रहिरहँदा उसबाट केही नयाँ सोच, दृष्टिकोण र विचारको अपेक्षा गर्न सकिंदैन। जनताले यो कुरालाई यसपटक व्यवहारबाटै पुष्टि गरिदिए।

दलहरूभित्र रहेका युवाहरूले राजनीतिमा पुस्तान्तरणको आवश्यकताको पैरवी गरिरहँदा उनीहरू दलीय घेराबाट बाहिर निस्केर विकल्प बन्न सकेनन्। दलीय संरचनाले जो-कोहीलाई सहजै बाहिर निस्कन पनि दिंदैन। किनकि पार्टी छाडेपछि राजनीतिमा गरेको लगानी शून्य हुन जाने भयकै कारण पार्टी बाहिर निस्किएर जनताको मनमनै गुम्सिएको प्रतिरोधको ज्वाला ठम्याउन सकेनन्।

निःसन्देह मुलुकलाई यो अस्तव्यस्ततामा लैजाने मुख्य जिम्मेवारी राजनीतिक नेतृत्वले नै लिनुपर्छ। राजनीतिक परिवर्तनपछिको व्यवस्थापनमा उनीहरू चुके। जनतालाई परिवर्तनको लाभांश दिनुपर्ने राजनीतिबाट विमुख मात्र भएनन् उनीहरू आफ्नै लुटखसौटको स्वर्ग बनाउन तल्लीन देखिए। यो त्यही अवधि हो जुन अवधिमा अत्यन्तै गम्भीरताका साथ मुलुकमा संस्थाहरूको निर्माण गर्नुपर्दथ्यो तर, भएका संस्थाहरूलाई निकम्मा बनाइयो। लोकतन्त्रलाई बलियो बनाउनुको साटो सत्ता-संघर्षमा निर्लिप्त हुनपुगे।

राजतन्त्रकालीन अवस्थादेखि आजसम्म पनि तिनै व्यक्तिले शासन गरिरहँदा जनताले व्यक्तिको फरकपनाको स्वाद नै लिन पाएनन्। सरकार भन्नु नै राज्यको ढुकुटी बाँडफाँटमा बसेको सरदार जस्तो भइदियो। सरकार कहीं कतै देखिएन, सुनिएन।

झन् अहिलेका प्रधानमन्त्री यसै पनि थकित र गलित छन्। उनीसँग भएको एउटै मात्र विशेषता भनेको समकालीन प्रधानमन्त्रीहरूमा सबैभन्दा धेरैपटक प्रधानमन्त्री हुने व्यक्ति हुनु हो। अनि इतिहासमा अझै पुनः एकपटक प्रधानमन्त्री भएर नाम लेखाउने हुटहुटी साँचेर बसेका छन्। तर, अफसोच यिनै दृश्यहरू जनताको आँखामा बिझ्यो र मतादेशमार्फत 'विकल्प' खोजे।

विकल्पको खोजी

मतगणनाको प्रारम्भिक चरणमै कुनै निष्कर्ष निकाल्नु त्यति वाञ्छित नहोला तर, यसले दिएको स्पष्ट सन्देश भने विकल्पको खोजी नै हो। लोकतन्त्रमा बहुमतको निर्णय मान्य हुन्छ र हुनुपर्छ तर, त्यो सधैंका लागि निरपेक्ष सत्य नै हुन्छ भन्न चैं सकिंदैन। संभवतः यो निर्वाचनमा जनताले पारम्परिक दलहरू र तिनको नेतृत्वप्रतिको आक्रोशलाई अन्य मतको रूपमा अभिव्यक्त गरेको हुन सक्छन्।

तथापि मतगणनाको सुरुवाती दृश्यले दिएको स्पष्ट सन्देश चैं 'विकल्पको खाजी' नै हो। जनताले विकल्पलाई जनअनुमोदित गरिदिएका छन्। अब त्यो जनअनुमोदनलाई आगामी पाँच वर्षसम्म विश्वासमा लिन सक्छन् कि विगतमा जस्तै अवसान हुनेछ त्यो भने भविष्यकै गर्तमा छ।

नयाँ दलले यसपटक पाएको जनमतकै कारण उनीहरू 'सही' कहलिंदैनन्। किनकि सही कहलिनका लागि जनमत पाएकाहरूले गर्ने काम हेर्न जरूरी छ। यसपटकको वैकल्पिक शक्तिहरूको उदय (संभवतः शक्तिसहित) पनि त्यही शैलीमा भएकोले यही पाँच वर्षमा यी वैकल्पिकले पनि के कति गर्छन्? त्यसको लेखाजोखा नभइकन अहिले नै धेरै कुरा अनुमान गर्नु हतारो हुनेछ।

हाम्रै विगतको अनुभवले पनि के बताउँछ भने २०७४ को निर्वाचनमा वैकल्पिक शक्तिका रूपमा उदाएका साझा पार्टी, विवेकशील नेपाली दल र नयाँ शक्तिले पाएको परिवर्तनमुखी जनमतको कहीं कतै सम्मान हुन सकेन। विकल्पको रूपमा उदाएका शक्तिहरू गएको पाँच वर्षको राजनीतिक उतारचढावमा तितरवितर भए।

आफ्नै अलमल, अकर्मन्यता र अस्पष्ट राजनीतिक कार्यदिशाका कारण ती पाँच वर्षमा धुलिसात् हुनपुगे। अन्ततः ती आ-आफ्नो कुम्लोकुटुरो बोकेर पारम्परिक राजनीतिकै सान्निध्यतामा विलीन भए। र, अहिलेको विकल्प बनेर उदाउँदै गरेका व्यक्ति र शक्तिलाई भने वैकल्पिक राजनीतिको त्यो विगत निकै शिक्षाप्रद हुनसक्छ। यसको एउटै शर्त हो, राजनीतिको जटिल कोर्समा अलमलिनुहुँदैन। यदि अलमलमा परियो भने पनि दायाँ-बायाँ नगरी थपक्कै बस्नुपर्ने रहेछ।

अबको कार्यदिशा

अब मुलुकले अवलम्बन गर्ने राजनीतिक कार्यदिशा कस्तो होला? यसको अनुमान गर्नुपूर्व अन्तिम चुनावी नतिजा पर्खनै पर्छ। त्यसपछि कुन कुन दलको संयुक्त सरकार बन्नेछ? कसको नेतृत्वमा सरकार बन्नेछ? उक्त सरकारको न्यूनतम साझा कार्यक्रम के हुनेछ? त्यसबाट मात्रै नयाँ सरकारले अवलम्बन गर्ने कार्यदिशा ठम्याउन सकिनेछ।

तथापि चुनावी प्रारम्भिक मतगणनाको दृश्यले देखाएको संकेतले भने अबको राजनीतिक मार्ग उति सहज नभएको अनुभूति हुन्छ। तर, सबैले लोकतन्त्रको आधारभूत मूल्य, मान्यता र प्रक्रियालाई आत्मसात् गरेरै समस्या समाधानको मार्ग अवलम्बन गर्नुको विकल्प भने कसैसँग हुनेछैन।

पारम्परिक पार्टीहरूले भन्दै आएको राज्यको पुनर्संरचना र समावेशिताको मुद्दा प्रधान हो कि जनताको दैनिकी बदल्ने मुद्दा प्रधान हो? अब यसको पनि निर्क्योल हुनु जरूरी छ। अन्ततः जनताले खोज्ने आर्थिक रूपान्तरण नै हो। आफ्नो अवस्थामा आउने परिवर्तन नै हो। यसका लागि आर्थिक, सामाजिक र जनजीविकासँग जोडिएका सवालहरूलाई उजागर गर्नु जरूरी हुन्छ।

त्यसैगरी अहिलेको राजनीतिको पाराडाइम सिफ्टै डेलिभरीको राजनीतितिर सर्दै गइरहेको छ। यसको बदलिंदो आयामलाई आत्मसात् गर्नु बुद्धिमानी हुनेछ। पारम्परिक संसदीय अभ्यास अफापसिद्ध भइसकेको वर्तमान अवस्थामा मुलुकको शासकीय स्वरूपमै परिवर्तन गरी जनताको प्रत्यक्ष मतबाट चुनिने कार्यकारी राष्ट्रपतिसहितको शासकीय स्वरूप अवलम्बन गर्दै गैरसांसदको मन्त्रिमण्डल गठन गर्ने शासकीय स्वरूप ग्रहण गर्नेतिर अग्रसर हुनु सही साबित हुनसक्छ।

समावेशी र सहभागिता मूलक लोकतन्त्रको मूल्य र मान्यतालाई आत्मसात् गर्दै राज्यका इकाईहरूलाई संघीय स्वरूपमा पुनर्संरचना गर्दै न्यायालयको संरचना पनि त्यही ढाँचामा बदल्नुपर्दछ। समाजको रूपान्तरणका लागि विकास र समृद्धिका विभिन्न आयाम जस्तैः भौतिक विकास, आर्थिक विकास, सामाजिक विकास, पर्यावरणीय सन्तुलन, विपद् व्यवस्थापन, संस्थागत विकास एवं सुशासनका अन्तरवस्तुहरू पहिचान गरी तिनको क्षेत्रगत विकासको कार्ययोजना लागू गर्नुपर्ने देखिन्छ।

विचाराधीन रहेका अत्यावश्यक ऐन कानुनलाई जारी गरी जनताको आर्थिक, सामाजिक एवं न्यायिक अधिकार सुनिश्चित गर्ने दिशातर्फ ध्यान दिनुपर्छ। सरकारका नीति, कार्यक्रम र बजेटले केवल आशाकै व्यापार मात्रै गरेको छ। यस्तो अवस्थाको अन्त्य हुनु जरूरी छ। भएको ढुकुटी रित्याएर आफ्ना कार्यकर्ता, नजिकका आसेपासे र राज्यसत्तामा पहुँच स्थापित गर्न सक्ने बिचौलियाहरूलाई नै पोस्ने काम अन्त्य हुनुपर्छ।

सरकारले विगतदेखि नै कथित लोकप्रियतावादी खास्टो ओढेर जनताका नाउँमा केही वितरणमुखी योजनाहरूको चारो फाल्ने काम गरिनै रहेको छ। तर, त्यसले सिर्जना गर्ने बृहत् आर्थिक लाभ र अर्थतन्त्रमा हुने भ्यालु एडिसनबारे कोही कत्ति पनि चिन्तित देखिंदैनन्।

केही सीमित व्यक्ति र व्यापारिक घरानाका स्वार्थलाई नै राष्ट्रिय स्वार्थको जामा पहिऱ्याइदिएर नीतिगत सुधारको पक्षपोषण गर्ने हुल्लडवाज योजनाको अन्त्य हुनुपर्छ। अब जनतालाई रोजगारी सिर्जना गर्ने र आम गरिखाने जनतालाई सहज किसिमले उत्पादनशील क्षेत्रको इलमउद्यम र व्यापार व्यवसायमा संलग्न हुन आकर्षित गर्ने नीति, योजना र कार्यक्रम लागू हुनुपर्छ।

अनलाईन खबरवाट

